प्रधान कार्यालय
सामान्य सेवा विभाग
धर्मपथ, काठमाडौं

सुरक्षाकर्मी सेवा करारमा आपूर्ति गर्ने सम्बन्धी ई-बिडिङ्ग मार्फत आह्वान गरेको सूचना नं. NBL/NCB11/O079/80

बोलपत्रको कागजातमा संशोधन गरेको सम्बन्धी सूचना

(संशोधन सम्बन्धी सूचना प्रकाशित मिति २०८०/०१/११)

| सि.नं | विवरण | बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार | देहाय बमोजिम कागजातमा संसोधन गरेको |
|---|---|---|---|
| १ | **कबोल मूल्य** | १४.१. बोलपत्रदाताले खरिद सम्झौता अन्तर्गत आपूर्ति गरिने सुरक्षाकर्मीहरुको प्रति सुरक्षाकर्मी मूल्य दर र कूल कबोल मूल्य उल्लेख गर्नु पर्नेछ । | १४.१ बोलपत्रदाताले खरिद सम्झौता अन्तर्गत आपूर्ति गरिने सुरक्षाकर्मीहरुको प्रति सुरक्षाकर्मी मूल्य दर र कूल कबोल मूल्य उल्लेख गर्नु पर्नेछ। प्रति सुरक्षाकर्मी मूल्य दर उल्लेख गर्दा बोलपत्रदातालाई निर्देशन गरेको सबै आकर्षित हुने मूल्यहरु समावेश गरेर उल्लेख गर्नुपर्नेछ । |
| २ | **बोलपत्रदाताको ग्राह्यताको परीक्षण** | २६.१. बोलपत्रदाता बोलपत्र पेश गर्न कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्न बोलपत्रदातालाई निर्देशनको दफा नम्बर ४ मा उल्लिखित कागजातहरु पेश भए वा नभएको सम्बन्धमा बोलपत्र मूल्याङ्कन समितिले बोलपत्रदाताको ग्राह्यताको परीक्षण गर्नेछ । बोलपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजात पेश नगर्ने बोलपत्रदाताको बोलपत्र उपर अग्रिम कारबाही गरिने छैन । | २६.१ बोलपत्रदाता बोलपत्र पेश गर्न कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्न बोलपत्रदातालाई निर्देशनको दफा नम्बर ४ मा उल्लिखित कागजातहरु पेश भए वा नभएको सम्बन्धमा बोलपत्र मूल्याङ्कन समितिले बोलपत्रदाताको ग्राह्यताको परीक्षण समेत गर्नेछ । यसरी परीक्षण गर्दा ग्राह्यता प्रमाणित गर्ने आवश्यक कागजातहरु पेश नगर्ने बोलपत्रदाताहरुलाई अप्रभावकारी बोलपत्र मानी थप कागजातहरुको मुल्याङ्कन गरिने छैन । |
| ३ | **बोलपत्रदाताको योग्यता** | ५.१ विगत ३ वर्षको कारोवार मध्ये १ वर्षको सबै भन्दा राम्रो कारोवार न्यूनतम रु. २१,२५,००,०००/- (अक्षरेपी एक्काईस करोड पच्चीस लाख मात्र) रहेको पुष्ट्याँई गर्ने वित्तीय विवरण पेश गर्नु पर्नेछ । | ५.१ बोलपत्रदाताको विगत ३ वर्षको आर्थिक कारोवार मध्ये कुनै १ (एक) आर्थिक वर्षमा कम्तीमा न्यूनतम कारोवार रु. १५,००,००,०००/- (अक्षरेपी पन्ध्र करोड मात्र) भएको हुनुपर्नेछ । बोलपत्रदाताले उक्त वित्तीय कारोबार पुष्टि गर्ने लेखापरिक्षण गरेको वित्तीय विवरण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |
| ४ | **बोलपत्रदाताको योग्यता** | ५.२ (ग) बोलपत्रदाताले कम्तीमा ५ प्रदेशहरुमा आफ्नो शाखा/उपशाखा/सम्पर्क कार्यालय र सम्पर्क व्यक्ति सहितको कम्पनीको पत्र पेश गर्नु पर्नेछ । | ५.२ (ग) बोलपत्रदाताले कम्तीमा ३ प्रदेशहरुमा आफ्नो शाखा/उपशाखा/सम्पर्क कार्यालय रहेको र सम्पर्क व्यक्ति सहितको कम्पनीको पत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| | | ५.२ (घ) सुरक्षा प्रदायक संघ/संस्थाले कम्तीमा ५ बर्ष देखि सुरक्षा सेवा प्रदान गर्दै आएको हुनु पर्नेछ । | ५.२ (घ) सुरक्षा प्रदायक संघ/संस्था/फर्म/कम्पनीले कम्तीमा विगत ३ (तीन) बर्ष देखि सुरक्षा सेवा प्रदान गर्दै आइरहेको अनुभव हुनु पर्नेछ । |
| | | ५.२ (ङ) विगत ३ बर्ष देखि निरन्तर कम्तीमा ५० शाखा भएको कुनै एक संस्थामा कम्तीमा १५० सुरक्षक उपलब्ध गराएको प्रमाणित हुने सम्बन्धित संस्थाबाट जारी भएको तालिका बमोजिमको कागजात पेश गर्नु पर्नेछ । | ५.२ (ङ) बोलपत्रदाताले विगत ३ (तीन) बर्षको अवधिमा कम्तीमा दुई आर्थिक बर्ष कुनै सार्वजनिक निकाय वा कम्पनी कानुन अन्तर्गत गठित कुनै निजी क्षेत्रको निकायमा कम्तीमा १५० सुरक्षक सेवा उपलब्ध गरएको अनुभव हुनुपर्नेछ । यस प्रकारको सुरक्षक सेवा सार्वजनिक निकाय वा कुनै निजी क्षेत्र अन्तर्गत कम्तीमा ३ (तीन) प्रदेश स्थित निकायहरुमा समेत सेवा दिने गरी सम्झौता गरेको हुनुपर्नेछ। बोलपत्रदाताले यस प्रकारको अनुभवको कागजात पेश गर्दा सम्झौता पत्र वा सम्बन्धित निकायले प्रमाणित गरिदिएको पत्र पेश गर्नुपर्नेछ । |
| **५.** | **२०. बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान** | २०.१ मितिः २०८०/०१/१३ गते ।<br>समयः १२:०० बजे ।<br>स्थानः सामान्य सेवा विभाग | २०.१ मितिः २०८०/०१/२० गते ।<br>समयः १२:०० बजे ।<br>स्थानः ने.बै.लि.प्र.का.सामान्य सेवा विभाग |
| **६** | **२१ बोलपत्र फिर्ता वा संशोधनको लागि सिलबन्दी निबेदन दिनु पर्ने अन्तिम मिति, समय र स्थान** | २१.१ विद्युतीय खरिद प्रणालीको कार्यविधि अनुसार विद्युतीय खरिद प्रणाली मार्फत नै बोलपत्र फिर्ता र संशोधन गर्नुपर्नेछ ।<br>मितिः २०८०।०१।०५<br>समयः दिनको १२:०० बजे । | २१.१ मितिः २०८०/०१/२०<br>समयः दिनको १२:०० बजे ।<br>तरिका : विद्युतीय खरिद प्रणालीको कार्यविधि अनुसार विद्युतीय खरिद प्रणाली मार्फत मात्र बोलपत्र फिर्ता र संशोधन गर्न सकिनेछ । |
| **७** | **२३ बोलपत्र खोल्ने मिति, समय, र स्थान** | मितिः २०८०/०१/१३ गते ।<br>समयः १२:३० बजे ।<br>स्थानः ने.बै.लि., प्र.का., सामान्य सेवा विभाग, काठमाडौं । | मितिः २०८०/०१/२० गते ।<br>समयः १२:३० बजे ।<br>स्थानः ने.बै.लि., प्र.का., सामान्य सेवा विभाग, काठमाडौं । |
| **८** | **खण्ड - ७ प्राविधिक विवरण** | **सुरक्षाकर्मीको कार्य समय तालिका (Duty Schedule) यस प्रकार हुनेछ ।**<br>३(तीन) जना सुरक्षाकर्मीबाट दैनिक ८/८ घण्टाका दरले २४ घण्टा कार्य समय तालिका | **सुरक्षाकर्मीको कार्य समय तालिका (Duty Schedule) यस प्रकार हुनेछ ।**<br>३(तीन) जना सुरक्षाकर्मीबाट दैनिक ८/८ घण्टाका दरले २४ घण्टाको कार्य समय तालिका (Duty Schedule) मिलाई सुरक्षामा बाधा नपर्ने गरी सुरक्षा |

| | | | |
|---|---|---|---|
| | | (Duty Schedule) मिलाई सुरक्षामा बाधा नपर्ने गरी सुरक्षा व्यवस्था गर्नुपर्नेछ । | व्यवस्था गर्नुपर्नेछ । समय तालिका नेपाल बैंक लिमिटेडले उपलब्ध गराए अनुसार हुनेछ । प्रत्येक सुरक्षकले महिनाको ४ (चार) दिन छुट्टी पाउनेछ। यस प्रकारको छुट्टी बैंक व्यवस्थापनले मिलाए अनुसार शनिबार वा अन्य कुनै दिन पनि हुन सक्दछ । |
| | | माघ १६ देखि कार्तिक १५ गतेसम्म आइतवार देखि बिहिवारसम्म थप ड्यूटी ६ घण्टा, कार्तिक १६ देखि माघ १५ गतेसम्म आइतवार देखि बिहिवारसम्म थप ड्यूटी ५ घण्टा र शुक्रवार २.५ घण्टाको हुनेछ । | सामान्यतया हरेक बर्षको माघ महिनाको १६ गते देखि कार्तिक महिनाको १५ गतेसम्म आइतवार देखि बिहिवार सम्म ६ घण्टा र कार्तिक १६ देखि माघ १५ गतेसम्म आइतवार देखि बिहिवारसम्म थप ड्यूटी ५ घण्टा र शुक्रवारको दिन २.५ घण्टाको थप ड्युटी गर्नुपर्ने अवस्था हुन्छ । थप ड्युटीमा लगाउनुपर्ने अवस्थामा बैंकले आवश्यक तालिका उपलब्ध गराउनेछ भने सेवा प्रदायकले थप ड्युटीको लागि सुरक्षकको आवश्यक व्यवस्था मिलाउनुपर्नेछ । |
| | | थप ड्युटी बापतको रकम बैकले भुक्तानी गर्नेछ । | सम्झौता अनुसार सेवा प्रदायकले उपलब्ध गराउनुपर्ने सुरक्षक सेवाको समय अवधि भन्दा बढी समय ड्युटीमा राखेको अवस्थामा थप ड्युटी वापतको रकम बैंकले हिसाव गरेर सेवा प्रदायकलाई भुक्तानी गर्नेछ । |
| ९ | **खण्ड - ९ (क) बोलपत्र दाखिला विवरण तथा प्रस्तावित पारिश्रमिक ( मूल्यसूची)** | हाम्रो बोलपत्र स्वीकृत भएमा हामी आपूर्ति तालिका बमोजिम सुरक्षाकर्मिहरु आपूर्ति गर्ने जिम्मा लिनुका साथै कार्यसम्पादन गर्ने सुनिश्चतता स्वरुप सम्झौता मूल्यको ५ प्रतिशत रकम बराबरको कार्यसम्पादन जमानत खरिदकर्ताले माग गरे अनुसारको ढाँचामा उपलब्ध गराउने छौं । | हाम्रो बोलपत्र स्वीकृत भएमा हामी आपूर्ति तालिका बमोजिम सुरक्षाकर्मिहरु आपूर्ति गर्ने जिम्मा लिनुका साथै कार्यसम्पादन गर्ने सुनिश्चितताको लागि बैंकले माग गरेको कार्यसम्पादन जमानत रकम र मान्य अवधि पुग्ने गरी निर्धारित तोकिएको ढाँचामा उपलब्ध गराउने छौं । |

१०. बोलपत्र फारामको पेज नं. ३९ मा भएको पारिश्रमिक मूल्यसूचीको सट्टा देहाय बमोजिमको पारिश्रमिक मूल्यसूचीको फारम (प्रश्ताव) कायम हुनेगरि संशोधन गरिएको छ ।

## (ख) प्रस्तावित पारिश्रमिक मूल्यसूची

बोलपत्रदाता वा प्रस्तावदाताले पारिश्रमिक मुल्यको प्रस्ताव गर्दा कानुनले तोकेका आधारहरु र तल उल्लेखित प्रावधानहरुलाई समेत दृष्टिगत गरी सम्पूर्ण आकर्षित खर्चहरुलाई समावेश हुने गरी एकमुष्ट रकम तोकिएको ढाँचा अनुसार प्रस्तावित गर्नुपर्नेछ । प्रचलित कानुन अनुसार पालना गर्नुपर्ने र तल उल्लेखित प्रावधानहरुलाई समेत पालना गर्ने दायित्व सम्बन्धित सेवा प्रदायक बोलपत्रदाता वा प्रस्तावदाताको हुनेछ ।

**सार्वजनिक निकायको नाम :**

| सि.नं. | प्रस्ताव गरेको पारिश्रमिक विवरण | मासिक प्रतिव्यक्ति कबोल दर (रु.) | | बार्षिक प्रतिव्यक्ति कबोल दर (रु.) | कुल प्रस्तावित बार्षिक कबोल रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अङ्कमा | अक्षरमा | | | |
| १ | प्रस्तावित पारिश्रमिक वापतको रकम | | | | | |
| २ | प्रस्तावित महङ्गी भत्ता बापतको रकम | | | | | |
| ३ | प्रस्तावित अन्य आकर्षित हुने खर्च वापतको रकम ( सम्पूर्ण आकर्षित हुने खर्च सहित) | | | | | |
| | जम्मा | | | | | |
| | मूल्य अभिबृद्धि कर (भ्याट) | | | | | |
| | कुल जम्मा मूल्य अभिबृद्धि कर सहित | | | | | |

बोलपत्रदाता वा प्रस्तावदाताले मुल्य प्रस्ताव गर्दा ध्यान दिनुपर्ने र अनिवार्य रुपमा पालना गर्नुपर्ने शर्तहरुः

१. बोलपत्रदाताले प्रति व्यक्ति कबोल दर प्रस्ताव गर्दा पारिश्रमिक मूल्यसूची भर्ने फाराममा उल्लेख भए अनुसार तोकिएको ३ (तीन) वटा कोलमहरु भित्र मूल्य प्रस्ताव गर्नुपर्नेछ। तीन वटा कोलम मध्ये तेस्रो कोलम अन्य आकर्षित हुने खर्च रकम अन्तर्गत प्रचलित कानून बमोजिम सुरक्षकलाई उपलब्ध गराउनुपर्ने प्रकृतिका खर्च र बोलपत्रदाताको व्यवस्थापन र सेवा उपलब्ध गराए वापत जे जति रकम प्रस्ताव गर्ने हो ती सबै रकम जोडेर त्यो कोलममा प्रस्ताव गर्नुपर्नेछ। अन्य आकर्षित हुने खर्च रकम अन्तर्गत प्रस्ताव गर्दा बोलपत्रदाताले सामाजिक सुरक्षा कोष, सञ्चयकोष, उपदान, बीमा, चाडपर्व खर्च, बिदाको सुविधा, औषधी उपचार, पोशाक व्यवस्थापन लगायत सबै आवश्यक रकमहरुलाई दृष्टिगत गरी कोलममा एकमुष्ट रकम प्रस्ताव गर्नुपर्नेछ। यसरी पारिश्रमिक मूल्यसुचीमा एकमुष्ट रकम प्रस्तावित गरेको कोलमको हकमा बोलपत्रदाताले कुनकुन शिर्षक अन्तर्गत के कति रकम प्रस्ताव गरेको हो देखिने गरी छुटै एउटा शिट तयार गरी बोलपत्र साथ पेश गर्नुपर्नेछ। खर्च शिर्षकको ब्रेक डाउन गरी तयार गरेको कागजात दस्तखत गरी छाप लगाएको हुनुपर्नेछ। ब्रेक डाउन गरी तयार गरेको प्रस्तावित रकम र पारिश्रमिक मूल्य सूचीमा भरेको रकम मिल्नु पर्नेछ।

२. बोलपत्रदाताले प्रचलित कानून बमोजिम र संस्थाको आफ्नो नियम अनुसार प्रत्येक सुरक्षकको लागि उपलब्ध गराउनपर्ने सञ्चयकोष, सामाजिक सुरक्षा कोष, उपदान, चाडपर्व खर्च, औषधी उपचार तथा दुर्घटना बीमा, पोशाक, बिदाको सुविधा तथा अन्य आकर्षित हुने सुविधाहरु अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ। यसरी उपलब्ध गराउनुपर्ने हुंदा बोलपत्रदाताले कबोल अंक प्रस्ताव गर्दा यी सबै पक्षलाई अनिवार्य रुपमा दृष्टिगत गरी प्रस्ताव गर्नुपर्नेछ। आपूर्ति गरिने सुरक्षकको पारिश्रमिक र सेवा सुविधा नेपाल सरकारले तोकेको र श्रम ऐनमा तोकिए भन्दा कम हुनु हुदैन।

३. बोलपत्र मुल्याङ्कन गर्दा दुई वा दुई भन्दा बढी बोलपत्रदाता वा प्रस्तावदाताको समान प्रस्ताव रकम भएमा यसरी समान रकम प्रस्ताव गर्ने एक भन्दा बढी बोलपत्रदाताहरु लाई छनौट गरी बैंकले निर्दिष्ट गरेको प्रदेशमा प्रादेशिक रुपमा सुरक्षकको सेवा दिने गरी बोलपत्रदाता छनौट गर्न सकिनेछ । यसरी एकभन्दा बढी बोलपत्रदाताहरु छनौट भएको अवस्थामा बैंकको निर्णय अनुसार बोलपत्रदाता वा प्रस्तावदाताले तोकिए बमोजिम सम्झौता गरी सेवा प्रदान गर्नुपर्नेछ । यस सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ ।